आ.व. २०८२/८३
बैठक: गाउँ कार्यपालिका
अध्यक्षता : गाउँपालिका अध्यक्ष पित बहादुर महतरा क्षेत्री

बैठक संख्या: १४/०८२/०८३
मिति :२०८३/०३/०६
स्थान: झि.गा.पा. सभाहल
समय : बिहानको: ८:०० बजे

झिमरुक गाउँ कार्यपालिकाको बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिमको निर्णय गरियो ।

## उपस्थिति

| हस्ताक्षर | नाम,थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | गा.पा. अध्यक्ष | झि.गा.पा-३ | अध्यक्ष |
| | प्रमोद पोखेल | गा.पा. उपाध्यक्ष | झि.गा.पा-३ | सदस्य |
| | धुवराज खनाल | वडा अध्यक्ष | झि.गा.पा-१ | सदस्य |
| | कृष्ण प्रसाद पोखेल | वडा अध्यक्ष | झि.गा.पा-२ | सदस्य |
| | मिनबहादुर खत्री | वडा अध्यक्ष | झि.गा.पा-३ | सदस्य |
| | सिताराम पोखेल | वडा अध्यक्ष | झि.गा.पा-४ | सदस्य |
| | शिवराम पोखेल | वडा अध्यक्ष | झि.गा.पा-५ | सदस्य |
| | थेन बहादुर पुन | वडा अध्यक्ष | झि.गा.पा-६ | सदस्य |
| | कृष्ण बहादुर जि.सी. | वडा अध्यक्ष | झि.गा.पा-७ | सदस्य |
| | तुलस बहादुर वस्नेत | वडा अध्यक्ष | झि.गा.पा-८ | सदस्य |
| | संगिता परियार | द.महिला वडा सदस्य | झि.गा.पा-८ | सदस्य |
| | पार्वता बि.क. | द.महिला वडा सदस्य | झि.गा.पा-४ | सदस्य |
| | तुलसा के.सी. | महिला वडा सदस्य | झि.गा.पा-४ | सदस्य |
| | कल्पना थापा (एम.सी.) | महिला वडा सदस्य | झि.गा.पा-३ | सदस्य |
| | चोप बहादुर बि.क | अल्पसंख्यक सदस्य | झि.गा.पा-१ | सदस्य |
| | हरी सुनार | अल्पसंख्यक सदस्य | झि.गा.पा-४ | सदस्य |
| | अमरराज सेजुवाल | प्रमुख प्रशासकीय अधिकृत | झि.गा.पा. | सचिव |

### अन्य उपस्थिति/आमन्त्रित

| | |
|---|---|
| हरि प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख (अधिकृत छैठौं) |
| यामलाल पोखेल | योजना अनुगमन तथा तथ्याङ्क शाखा प्रमुख |
| अरविन्द महत | आर्थिक प्रशासन शाखा प्रमुख |
| पुष्प राना | शिक्षा शाखा प्रमुख |
| अशोक जि.सी. | ईन्जिनियर |
| यज्ञ प्रसाद यरी | स कम्प्युटर अधिकृत |
| दामोदर उपाध्या | का.स. |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्वन्धमा ।**

**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८३/२/३१ गते बसेको आ.व. २०८२/८३ को १३ औं बैठकबाट आ.व.२०८३ /८४ को लागि नीति तथा कार्यक्रम बजेट पेस लगायतका कार्यसूची गाउँसभामा पेस गर्नको लागि गाउँ सभाको बैठक बस्ने मिति र सयम तय गरे अनुसार सम्बन्धित सभाका सदस्यज्यूहरुलाई सूचना मार्फत जानकारी गराइएको र सभाको तयारीमा लागिएको, वडा समिति, विषयगत शाखा र विभिन्न संस्था संस्थाहरुबाट आ.व. २०८३/८४ को लागि प्रस्ताव भई विषयगत समितिहरुवाट प्राथमिकताक्रम निर्धारण भई आएका योजना कार्यक्रमहरु बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेस गरिएको, आ.व. २०८३/८४ को झिमरुक गाउँपालिकाको नीति तथा कार्यक्रम तयारीका अन्तिम रुप दिने निर्णय अनुसार अन्तिम चरणमा पुगेको, धरौटी रकम राजश्व खातामा ल्याउने कार्य प्रक्रियामा रहेका, विभिन्न योजना कार्यक्रमहरुमा रकम अपुग भई रकमान्तर गरी स्रोतको सुनिश्चितता गरिएकोमा सम्झौता तथा भुक्तानीको प्रक्रिया अगाडि वढेको, गाउँपालिका र अन्तर्गत रहेका चारपाङ्ग्रे र दुईपाङ्ग्रे सवारी साधन मर्मत गर्दा लागेको खर्च रकम भुक्तानी दिने निर्णय अनुसार भुक्तानीको प्रक्रियामा रहेको, विभिन्न ऐन, कार्यविधि स्वीकृतको लागि बैठकमा पेस गरिएकोमा बैठकको निर्णय अनुसार प्रक्रिया अगाडि वढेको, एम.वि.एस कार्यक्रम अन्तर्गत पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, झिमरुक गाउापालिका र झिमरुक -७,तुषारा निवासी संगिता जि.सीं विच भएको सम्झौता बमोजिम हाललाई ओखरकोट स्वास्थ्य चौकीमा चिकित्सा सेवा उपलब्धको लागि संगिता जि.सी.लाई खटाउने निर्णय अनुसार प्रक्रिया अगाडि वढेको, कृषि तालिम तथा नमूना प्रदर्शन केन्द्रको जग्गा भाडामा लिएकोमा जग्गा धनी विचको सम्झौताको म्याद समाप्त भएको हुँदा २०८३ साल असार मसान्तसम्मको लागि म्याद थप गर्ने निर्णय अनुसार म्यादथपको प्रक्रिया अगाडि वढेको, अतिक्रमित सरकारी र सार्वजनिक जग्गा खाली गर्न सूचना प्रकाशन गर्ने निर्णय अनुसार सूचना प्रकाशन गर्ने कार्य प्रक्रियामा रहेको, व्याक हु लोडरको दररेट प्रतिघण्टा बृद्धि गरिएकोमा बृद्धि भएको दररेटमा नै ब्याक हु लोडर प्रयोगमा ल्याईएको, आवश्यकता अनुसार कार्यालय खोली सार्वजनिक बिदाको दिन समेत कामकाज गर्न सकिने निर्णय अनुसार कर्मचारीहरु कार्यलयमा खटी विदाको दिन समेत कामकाज गरी रहेको, विभिन्न व्यक्ति र संस्थाहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय अनुसार आर्थिक सहायता उपलब्ध गराईदै आएको, विभिन्न वडाहरुका योजना तथा कार्यक्रमहरु संशोधन तथा रकमान्तर गरिएकोमा संशोधित योजना कार्यक्रमहरु कार्यान्वयनको प्रक्रियामा आएको लगायतका विषयमा समिक्षा गरियो ।

**प्रस्ताव नं २ आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम, आर्थिक विधेयक,२०८३ विनियोजन विधेयक,२०८३ बजेट तथा कार्यक्रम र आयव्यय रकम (बार्षिक बजेट, MTEF समेत) सम्बन्धमा ।**

**निर्णय नं. २**

प्रस्ताव नं ३ माथि छलफल गर्दा मिति २०८३ साल असार ८ गतेदेखि सञ्चालन हुने २० औं गाउँ सभामा आ.व.२०८३/८४ को नीति तथा कार्यक्रम, आर्थिक विधेयक, २०८३ विनियोजन विधेयक, २०८३ र वजेट तथा कार्यक्रम तर्जुमा समितिले आ.व.२०८३/८४ को लागि पेस गरेको कूलजम्मा रु ६२,१७,३१,५००। अक्षेरेपि बैसठ्ठी करोड सत्र लाख एकतिस हजार पाँच सय रुपैया बरावरको आय व्यय रकम (बार्षिक बजेट) कार्यपालिका बैठकबाट स्वीकृत गरी पारितको लागि गाउँसभामा पेस गर्ने सर्वसम्मत निर्णय गरियो । साथै थप २ आर्थिक वर्षको आय र व्ययको प्रक्षेपण सहितको मध्यमकालिन खर्च संरचना स्वीकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ विधेयक तथा कार्यविधि सम्वन्धमा ।**

**निर्णय नं.३**

प्रस्ताव नं ३ माथि व्यापक छलफल गर्दा २० औ गाउँ सभा बैठकबाट पारितको लागि देहाय वमोजिमका विधेयक तथा मस्यौदा कार्यविधिका स्वीकृत गरी गाउँ सभा बैठकको कार्यसूचीमा राख्ने सर्वसम्मत निर्णय गरियो ।

स्थानीय बन विधेयक,२०८३

सुशासन समिति कार्यसञ्चालन कार्यविधि मस्यौदा,२०८३

विधायन समिति कार्यसञ्चालन कार्यविधि मस्यौदा,२०८३

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ४ विषयगत समितिहरुको प्रतिवेदन सम्वन्धमा ।**
**निर्णय नं.४**

प्रस्ताव नं ३ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाका देहाय वमोजिमका विषयगत समितिहरुले पेस गरेको प्रत्रिवेदन माथि छलफल गरी सर्वसम्मत रुपमा स्वीकृत गरियो ।

**देहाय**

१.सामाजिक विकास समिति
२ पूर्वाधार विकास समिति
३. आर्थिक विकास समिति
४. बन बातावरण तथा विपद् व्यवस्थापन समिति
५. सुशासन तथा संस्थागत विकास समिति
६. विधेयक समिति

**प्रस्ताव नं. ५ आ.व. २०८३/८४ को दररेट सम्बन्धमा ।**
**निर्णय नं. ५**

प्रस्ताव नं ३ माथि व्यापक छलफल गरी यस झिमरुक गाउँपालिकाको आ.व. २०८३/८४ को लागि बस्तु,सेवा तथा निर्माण कार्यको दररेट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ बमोजिमको जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेट नै झिमरुक गाउँपालिकाको दररेटको रुपमा मान्यता दिने प्रस्ताव गाउँसभामा पेस गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा ।**
**निर्णय नं. ६**

प्रस्ताव नं ६ माथि व्यापक छलफल गरी यस झिमरुक गाउँपालिका न्यायिक समितिको आ.व. २०८२/८३ को साउनदेखि असार ५ गतेसम्म न्यायिक समितिमा दर्ता हुन आएका मुद्दाहरुको तपसिल वमोजिम विवरण सहितको प्रतिवेदन स्वीकृत गरी गाउँसभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | उजुरीका प्रकार | दावी ऐन | अल्या | यस आ.व.मा दर्ता भएका उजुरी / निवेदन | जम्मा उजुरी संख्या | जम्मा उजुरी फछ्यौट संख्या | प्रक्रियामा रहेका |
|---|---|---|---|---|---|---|---|
| १ | ज्याला मजदुरी नदिएको | ४७(१) | १ | १ | २ | १ | १ |
| २ | मानाचामल | ४७(१) | १ | ० | १ | १ | ० |
| ३ | घरेलु हिंसा | ४७(२) | २ | १ | ३ | २ | १ |
| ४ | लेनदेन | ४७(२) | ९ | १५ | २४ | २० | ४ |
| ५ | साँध सीमाना | ४७(२) | १ | २ | ३ | २ | १ |
| ६ | गाली बेइज्जती | ४७(२) | २ | १ | ३ | ३ | ० |
| ७ | सम्वन्ध विच्छेद | ४७(२) | ० | २ | २ | २ | ० |
| | जम्मा | | १६ | २२ | ३८ | ३१ | ७ |

अमरराज सेंजुवाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**प्रस्ताव नं. ७ गाउँ कार्यपालिकाका बैठकले गरेका निर्णय र गाउँ कार्यपालिकाको कार्यालयबाट भए गरेका निर्णयहरु अनुमोदन तथा समर्थन सम्वन्धमा ।**

**निर्णय नं.७**

प्रस्ताव नं ७ माथि छलफल गर्दा मिति २०८२/१०/२७ गते बसेको आ.व. २०८२/८३ को नवौं बैठकदेखि मिति २०८३/३/६ गतेसम्म बसेको आ.व. २०८२/८३ को १५ औं बैठकसम्म झिमरुक गाउँ कार्यपालिकाले गरेका निर्णयहरु र आ.व. २०८२/८३ को साउनदेखि हालसम्म विभिन्न मितिमा गाउँ कार्यपालिकाको कार्यालयले गरेका निर्णयहरु अनुमोदन तथा समर्थनको लागि गाउँसभामा पेस गर्ने सर्वसम्मत निर्णय गरियो

**प्रस्ताव नं. ८ गाउँ सभामा पेस गर्ने कार्य सूची सम्वन्धमा ।**

**निर्णय नं.८**

**प्रस्ताव नं. ८** माथि व्यापक छलफल गर्दा मिति २०८३ साल असार ७ र १० गते बस्ने झिमरुक गाउँपालिकाको २० औं गाउँ सभामा तपसिल बमोजिमको कार्यसूची र प्रस्तुतकर्ता तय गर्ने सर्वसम्मत निर्णय गरियो

**तपसिल**

**२०८३/३/८ गतेको झिमरुक गाउँपालिकाको गाउँ सभाको २० औं अधिवेशनको पहिलो बैठकका कार्यसूचीहरु**

| क्र.स. | मिति | वैठक वस्ने समय | कार्यसूची | प्रस्ताव प्रस्तुतकर्ताको नाम |
|---|---|---|---|---|
| १ | २०८३/३/८ गते सोमबार | दिनको ११:०० बजे | अध्यक्षले गाउँ सभाको २० औं अधिवेशन आह्वान गरेको पत्रको बेहोरा सभामा बाचन गरेर जानकारी गराउने | सभा अध्यक्ष पित बहादुर महतरा क्षेत्री |
| २ | | | शुभकामना मन्तव्य | सभाका सदस्य रण बहादुर खड्का, शंकर पोखेल र पुतला सुनार |
| ३ | | | आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम पेश/छलफल/पारित | सभाका अध्यक्ष पित बहादुर महतरा क्षेत्री |
| ४ | | | स्थानीय बन विधेयक,२०८३<br>सुशासन समिति कार्यसञ्चालन कार्यविधि मस्यौदा,२०८३<br>विधायन समिति कार्यसञ्चालन कार्यविधि मस्यौदा,२०८३<br>पेस | सभाका सदस्य सिताराम पोखेल |
| ५ | | | आ.व. २०८३/८४ को दररेट सम्वन्धमा । | सभाका सदस्य संगिता परियार |
| ६ | | | गाउँ कार्यपालिका वैठकका निर्णयहरु अनुमोदन सम्वन्धमा । | सभाका सदस्य कल्पना थापा एम.सी. |
| ७ | | | न्यायीक समितिको प्रतिवेदन पारित सम्वन्धमा । | सभाका सदस्य दधिराम पोखेल |
| ८ | | | संघ संस्थाका कार्यक्रम समावेश सम्वन्धमा । | सभाका सदस्य तुलसा के.सी. |
| ९ | | | बेरुजु फछ्यौट सम्बन्धमा । | सभाका सदस्य पार्वता वि.क. |
| १० | | | झिमरुक गाउँपालिकाको पारदर्शिता,जवाफदेहिता उत्तरदायित्व र सेवा प्रवाह सम्बन्धी प्रतिवेदन सम्बन्धमा । | सभाका सदस्य धन बहादुर पुन |

**२०८३/३/१० गतेको झिमरुक गाउँपालिकाको गाउँ सभाको २० औं अधिवेशनको बैठकका कार्यसूचीहरु**

| क्र.स. | मिति | वैठक वस्ने समय | कार्यसूची | प्रस्ताव प्रस्तुतकर्ताको नाम |
|---|---|---|---|---|
| १ | २०८३/३/१० गते बुधबार | बिहान ९:०० बजे | आ.व. २०८३/८४ को बजेट वक्तव्य तथा आय व्यय विवरण (वार्षिक बजेट) पेश /छलफल/पारित सम्वन्धमा । | उपाध्यक्ष प्रमोद पोखेल |
| २ | | | विनियोजन विधेयक, २०८३ पेश/छलफल/पारित | सभाका सदस्य मिन बहादुर खत्री |
| ३ | | | आर्थिक विधेयक, २०८३ पेश/छलफल/पारित | सभाका सदस्य कृष्ण बहादुर जि.सी. |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ९ विभिन्न संघ संस्थाका कार्यक्रम सम्बन्धमा ।**
**निर्णय नं.९**

प्रस्ताव नं ९ माथि छलफल गर्दा आ.व. २०८३/८४ मा विभिन्न कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गर्न तपसिल वमोजिमका संघ संस्थाहरुले गाउँ सभावाट पारितको लागि पेस भएका कार्यक्रम तथा बजेट माथि छलफल गरी तपसिल वमोजिमका संघ संस्थाको आ.व.२०८२/८३ का कार्यक्रम तथा आयोजनाहरु र सम्वन्धित बजेट विवरण पारितको लागि गाउँसभामा पेस गर्ने सर्वसम्मत निर्णय गरियो । साथै झिमरुक गाउँपालिका क्षेत्रभित्र विभिन्न कार्यालय, संघ, संस्था तथा निकायहरुले सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरु झिमरुक गाउँपालिकाको कार्यालयसँग अनिवार्य रुपमा समन्वय गरी अगाडि बढाउन जानकारी गराउने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क्र.स | संस्थाको नाम | कार्यक्रमको नाम | रकम रु |
|---|---|---|---|
| १ | आईपास नेपाल (Ipas Nepal) | विपद् व्यवस्थापन बैठक, स्वास्थ्य सेवा प्रदायकहरुका लागि सुरक्षित र सामाजिक भेदभाव न्यूनिकरण (VACR) सम्बन्धी समिक्षा र पुर्नताजगी, महिला स्वास्थ्य सेवा प्रदायकहरुलाई LARC सम्बन्धी तालिम मार्फत क्षमता अभिवृद्धि कार्यक्रम, सामुदायिक सत्रहरु, सामुदायिक स्वास्थ्य स्कोरबोर्ड समिक्षा, सरोकारबालहरुसँग समिक्षा तथा पुनर्ताजगिकरण कार्यक्रम र सामाजिक परिचालन | ४,८५,३००। |
| २ | जि.आई.जेट. (GIZ) | जर्मन संघीय आर्थिक सहयोग तथा विकास मन्त्रालय GIZ को द्विपक्षीय सहयोगमा सामाजिक स्वास्थ्य सुरक्षा, स्वास्थ्य क्षेत्र सुशासन तथा व्यवस्थापन, डिजिटल स्वास्थ्य, स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी संस्थागत क्षमता विकास परियोजना सञ्चालनका लागि | ५३,३०,५४६। |
| ३ | नेपाल स्वास्थ्यका लागि पानी (नेवा) | काउले गडेरपानी झिमरुक -२, दारिमचौर झिमरुक-३ र चुधाराफेदी टारी झिमरुक-४ मा सञ्चालन हुने खानेपानी तथा सरसफाई आयोजना (नेपाल स्वास्थ्यका लागि पानी नेवा) | ४४,००,३७१।२३ |
| ४ | सहकर्मी समाज | समावेशी र जवाफदेशी स्वास्थ्य सेवाका लागि समुदायहरुलाई सशक्त बनाउने (पहुँच) कार्यक्रम | २५,११,७९०। |
| ५ | कपिलबस्तु ईन्टिग्रेटेड डेभलपमेन्ट सर्भिसेज-प्रोजेक्ट (KIDS) | मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य पोषण सम्बन्धी कार्यक्रम Maternal,Newborn and Child Health (MNCH) Nutrition | ४,८३,४५०। |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. १० बेरुजु फछ्यौंट सम्वन्धमा
निर्णय नं.१०
प्रस्ताव नं १० माथि व्यापक छलफल गरी झिमरुक गाउँपालिकाको आ.व. २०७४/७५ देखि २०८१/८२ सम्मको महालेखा परीक्षकको कार्यालयवाट भएको लेखापरीक्षणमा औल्याएका वेरुजुहरु मध्ये अनियमित भएको बेरुजु रु ४९,७१,०५५। र प्रमाण कागजात पेस नभएको रु ७०,३०,८८५। बेरुजु लाई आवश्यक प्रक्रिया पुऱ्याई नियमित गर्न आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ४० अनुसार गाउँसभाबाट फछ्यौंट तथा फरफारक गर्न लेखा समितिबाट दफावार छलफल गराई गाउँ सभामा फछ्यौंटका लागि पेस गर्ने सर्वसम्मत निर्णय गरियो । साथै असुलउपर गर्नु पर्ने बेरुजुलाई फछ्यौंट गर्ने तर्फ आवश्यक प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ११ विविध सम्बन्धमा ।
विविध (क) मस्यौदा प्रतिवेदन सम्बन्धमा ।
निर्णय नं. (क)
प्रस्ताव नं ११ विविध (क) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत देहाय वमोजिमका कार्यक्रमहरुको जिम्मेवारी पाएका परामर्शदातहरुबाट तयार भएका मस्यौदा प्रतिबेदन माथि छलफल गरी अन्तिम प्रतिवेदनमा समावेस र थप घट गर्न आवश्यक सुझाव दिईयो ।
<u>देहाय</u>
१. झिमरुक गाउँपालिकाको जग्गा वर्गिकरण सम्बन्धी मस्यौदा प्रतिवेदन
२. झिमरुक गाउँ पालिकाको दोस्रो आवधिक योजना सम्बन्धी मस्यौदा प्रतिवेदन
३. झिमरुक गाउँपालिकाको सडक(यातायात) गुरुयोजना सम्बन्धी मस्यौदा प्रतिवेदन
४. झिमरुक गाउँपालिकाको रिङ्गरोडको गुरु योजना सम्बन्धी मस्यौदा प्रतिवेदन

विविध ११ (ख) साविकको पशु सेवाकेन्द्रको भवन सम्वन्धमा ।
निर्णय नं. (ख)
प्रस्ताव नं ११ विविध (ख) माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. ५ मा हाल नागरिक आरोग्य केन्द्र सञ्चालन रहेको साविकको पशु सेवा केन्द्रलाई झिमरुक गाउँ कार्यपालिकाको कार्यालयबबाट सेवा प्रदान गरिदै आएको पशुपन्छीहरुको (भेटेरेनरी डिस्पेन्सरी) उपचारको लागि सेवा केन्द्र स्थापना गरी सञ्चालनमा ल्याउने सर्वसम्मत निर्णय गरियो ।
विविध (ग) घर भाडा सम्बन्धमा ।
निर्णय नं. ११ (ग)
प्रस्ताव नं ११ विविध (ग) माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. ५ को मच्छी चोकमा अस्थाई प्रहरी चेकपोष्ट, वडा नं. १ को सौतामारेमा अस्थाई प्रहरी चेकपोष्ट, वडा नं. ८ को फूलबारी रातामाटामा रहेको ८ नं. वडा कार्यालयको कार्यालय भवन र झिमरुक गा.पा. ५ भ्यागुतेमा गेष्टरुमको घरभाडाको रुपमा लिईएका घर/कोठाहरुलाई अनुमोदन गरियो । साथै उल्लिखित स्थानमा भाडाको रुपमा लिईएको घर/कोठाहरुलाई निरन्तरता दिई झिमरुक -४,भ्यागुतेमा नागरिक आरोग्य केन्द्र सञ्चालनको लागि आवश्यक पर्ने घर/सटर/कोठा भाडामा लिने र नागरिक आरोग्य केन्द्र सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

विविध (घ) कर्मचारी प्रोत्साहन/पुरस्कार सम्बन्धमा ।
निर्णय नं. ११ (घ)
प्रस्ताव नं ११ विविध (घ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाका प्रमुख प्रशाकीय अधिकृतको संयोजकत्वमा गठित उत्कृष्ट कर्मचारी छनोट समितिको सिफारिसमा झिमरुक गाउँ कार्यपालिकाको कार्यालय र सो अन्तर्गत कार्यरत देहाय वमोजिमका कर्मचारीहरुलाई आ.व. २०८२/८३ को कार्यसम्पादनमा उत्कृष्ट कर्मचारीको रुपमा जनही रु १५/१५ हजार नगद पुरस्कार र सम्मानपत्रबाट प्रोत्साहन तथा पुरस्कृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**देहाय**

श्री विकास के.सी. स्वास्थ्य शाखा प्रमुख(अधिकृत सातौं)
श्री ओमकला घर्तिमगर सि. अ.न.मि.(सहायक पाँचौं)
श्री प्रकाश जि.सी. सव-ईन्जिनियर/ १ नं. वडा सचिव(सहायक पाँचौं)
श्री अर्जुन विक्रम जि.सी. सव-ईन्जिनियर (सहायक पाँचौं)
श्री मुक्त बहादुर खत्री कार्यालय सहयोगी झिमरुक गाउँपालिका (श्रेणी विहीन)

**विविध ११ (ङ) विधुतका पोलतारहरु पुनर्व्यवस्थापन लागि स्रोतको सुनिश्चितता सम्वन्धमा ।**

**निर्णय नं. (ङ)**

प्रस्ताव नं ११ विबिध(ङ) माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. ६ र ५ मा रहेको वतासेडाँडादेखि मच्छीसम्मको सडक खण्डमा गत आ.व.देखि गाउँपालिकाको बजेटबाट ठेक्का लगाई कालोपत्रे गर्ने गरी कार्य अगाडि बढि रहेको अवस्थामा सो सडकखण्डको दायाँ र वायाँ रहेका एच.टि.र एल.टि.लाईनका पोलतारहरु पुनर्व्यवस्थापन गर्न नेपाल विद्युत प्राधिकरण प्यूठान वितरण केन्द्र, विजुवार, प्युठान र गाउँपालिकाको ५०/५० प्रतिशत लागत साझेदारीमा पुनर्व्यवस्थापनको लागि तपसिल बमोजिमको शीर्षकबाट रकमान्तर गरी स्रोतको सुनिश्चितता गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क.स | घटाउने | | | | बढाउने/थप्ने | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | रकम रु | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | रकम रु |
| १ | औषधी उपचार खर्च | २११२३ | सं.स. राजश्व बाँडफाँट | २००००० | विधुतका पोलतारहरु पुनर्व्यवस्थापन | २२५२२ | १८५०००० |
| २ | पोषाक | २११२१ | सं.स. राजश्व बाँडफाँट | २५०००० | | | |
| ३ | जोखिम भत्ता | २११३९ | सं.स. राजश्व बाँडफाँट | २००००० | | | |
| ४ | वीमा तथा नवीकरण | २२११४ | सं.स. राजश्व बाँडफाँट | १००००० | | | |
| ५ | मृत्य कर्मचारीको सुविधा तथा सहायता | २७३१५ | सं.स. राजश्व बाँडफाँट | १००००० | | | |
| ६ | चाडपर्व खर्च | २११११ | सं.स. राजश्व बाँडफाँट | १००००० | | | |
| ७ | सूचना प्रणली सफ्टवेयर सञ्चालन | २२४१२ | सं.स. राजश्व बाँडफाँट | २००००० | | | |
| ८ | पशु औषधी खरिद | २७२१३ | लु.समानिकरण अनुदान | २००००० | | | |
| ९ | आर्थिक सहायता | १५३१५ | आन्तरिक स्रोत | १५०००० | | | |
| १० | मेलमिलाप कर्ताहरुको सेवा सुविधा | २२५२२ | आन्तरिक स्रोत | १००००० | | | |
| ११ | अन्तरजिल्ला स्थानीय तह सिकाई आदान प्रदान | २२५२२ | आन्तरिक स्रोत | १५०००० | | | |
| १२ | न्यायीक समितिको घुम्ती बैठक तथा जिल्ला सम्मेलन | २२५२२ | आन्तरिक स्रोत | ५०००० | | | |
| १३ | आन्तरिक नियन्त्रण तर्जुमा | २२५२२ | सं.स. राजश्व बाँडफाँट | ५०००० | | | |
| जम्मा | | | | १८५०००० | | | १८५०००० |

**प्रस्ताव नं. ११ विविध (च) राजश्व परामर्श समितिको प्रतिवेदन सम्वन्धमा ।**

**निर्णय नं. ११ (च)**

**प्रस्ताव नं. ११** विविध (च) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको राजश्व परामर्श समितिले पेस गरको प्रतिवेदनमाथी छलपल भई बैठकबाट स्वीकृत गरी गाउँसभामा पेस गर्ने सर्वसम्मत निर्णय ।

**प्रस्ताव नं. ११ विविध (छ) फोटोकपि सहितको प्रिन्टर मेसिन उपलब्ध गराउने सम्वन्धमा ।**

**निर्णय नं. ११ (छ)**

**प्रस्ताव नं. ११** विविध (छ) माथि छलफल गर्दा झिमरुक गाउँपालिका अन्तर्गत वडा नं. ५ मा रहेको ईलाका प्रहरी कार्यालय ओखरकोट, मच्छी,प्युठानले दैनिक प्रशासनीक कामकाजमा सहजताको लागि १(एक) थान फोटोकपि सहितको प्रिन्टर मेसिन माग गरेकोले गाउँपालिकाको कार्यलयबाट खरिद गरी हस्तान्तरण गर्ने सर्वसम्मत निर्णय ।

अन्तमा आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

२०७८/०३/०६
अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner